




पत्राचार गर्ने ठेगानाः

**धवलागिरि बहुमुखी क्याम्पस**

बागलुङ नगरपालिका-२, बागलुङ

०६८-५२०११३, ०६८-५२१३८४

९८५७६२३९९८

dmcbaglung@gmail.com / info@dmc.tu.edu.np

www.tu-dmcbaglung.edu.np




त्रिभुवन विश्वविद्यालय

# धवलागिरि बहुमुखी क्याम्पस
## बागलुङ


बागलुङ नगरपालिका-२, बागलुङ | ०६८-५२०११३ ०६८-५२१३८४ | dmcbaglung@gmail.com info@dmc.tu.edu.np | www.tu-dmcbaglung.edu.np




विद्यार्थी उत्कृष्टताको लागि तयारी

# विवरण पत्र

## २०७८/७९



## क्याम्पस सञ्चालक समितिका अध्यक्षको सन्देश

आदरणीय अभिभावकज्यू एवम् प्यारा विद्यार्थीहरू,
सर्वप्रथम म विद्यार्थी भाइबहिनीहरूलाई धवलागिरि बहुमुखी क्याम्पस, बागलुङमा हार्दिक स्वागत गर्न चाहन्छु । साथै हाम्रो क्याम्पसलाई यो प्राज्ञिक उचाइमा ल्याउन सहयोग गर्ने विद्यार्थीहरू, अभिभावकहरू, शिक्षक कर्मचारीहरू, प्रशासनिक जिम्मेवारी बहन गर्ने प्रशासकहरू, शुभचिन्तक महानुभावहरू सबैलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । उच्च परिकल्पना, दृढ लक्ष र महान उद्देश्यका साथ हाम्रो क्याम्पस निरन्तर प्रगतितर्फ उन्मुख हुँदै अगाडि बढिरहेको विषयले हामीलाई गौरवबोध भएको छ । यो क्याम्पस अहिले मुलुककै नेतृत्वदायी र उत्कृष्ट क्याम्पसका रूपमा स्थापित हुँदै गइरहेको छ । स्नातक तहदेखि स्नातकोत्तर तहसम्म गुणस्तरीय शिक्षा प्रदान गर्दै यो क्याम्पस यस क्षेत्रका शिक्षाप्रेमीहरूको भरोसायोग्य उच्च शैक्षिक संस्थाका रूपमा पहिचान बनाउँदै अगाडि बढिरहेको छ । यद्यपि हामी अझै धेरै गुणस्तर सुधारको यात्रामा अगाडि बढ्नु छ ।

धवलागिरि बहुमुखी क्याम्पस त्रिविको आङ्गिक क्याम्पस भइकन पनि आफैमा स्वायत्तता प्राप्त क्याम्पस हो । स्वायत्तताको प्राप्तिले हाम्रो काँधमा अझै उच्च जिम्मेवारी समेत थपिदिएको छ । स्वायत्तताको निरन्तरता र गुणस्तर सुनिश्चितता प्रत्यायन **(Quality Assurance and Accreditation, QAA)** प्रमाणपत्र प्राप्तिका विषयमा गहन छलफल चलाउँदै जानुपर्ने अवस्था छ तापनि विद्यार्थीको आकांक्षा पूरा गर्न र यस क्याम्पसको ध्येय **(Mission)** पूरा गर्न हामी पूर्ण सङ्कल्परत छौँ । क्याम्पसको समग्र पक्षको गुणस्तर सुधार गरी अन्तर्राष्ट्रिय स्तरमा नै क्याम्पसको पहिचान बढाउनका लागि विश्वविद्यालय अनुदान आयोग **(UGC)** ले अभियानका रूपमा सञ्चालन गरेको गुणस्तर सुनिश्चितता प्रत्यायनको प्रमाणपत्र लिनका लागि हामीले धेरै मेहनतपूर्वक शैक्षिक, भौतिक तथा प्रशासनिक सुधारका कार्यक्रमहरू सञ्चालन गरेका छौँ । अहिलेको प्रतिस्पर्धात्मक अवस्थामा ठोस उपलब्धि हासिल गर्न हामी अब्बल नतिजा, खेलकूद, अतिरिक्त क्रियाकलाप लगायत उत्कृष्ट शैक्षिक वातावरण निर्माण गर्नका लागि पनि हामी दृढ सङ्कल्पित भएर लागिरहेका छौँ । गुणस्तरीय शिक्षा, उत्कृष्ट नतिजा र क्याम्पसको स्तर वृद्धिमा अवश्य पनि सामुहिक प्रयत्नको जरूरी हुन्छ । हाम्रो क्याम्पसलाई धवलागिरि क्षेत्रको उच्च शैक्षिक गन्तव्यका रूपमा विकास गर्न यस क्षेत्रका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति लगायत सबै शिक्षाप्रेमी महानुभावको उत्तिकै सहयोग र सदभावको खाँचो छ । धवलागिरि क्याम्पसको शैक्षिक दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्यहरू पूरा गर्न क्याम्पस परिवार लगायत सम्बन्धित सबैमा म होस्टेहैँसे गर्नुहुन अनुरोध गर्दछु । यस क्याम्पसमा पढाइ हुने विभिन्न तहका विषयहरूमा भर्ना भई उच्चतम शैक्षिक सफलता हासिल गर्न र आफ्नो भविष्य समुज्ज्वल बनाउन म सबै नवअगन्तुक विद्यार्थीहरूमा आह्वान समेत गर्दछु । अन्त्यमा म सम्पूर्ण विद्यार्थी वर्गलाई शैक्षिक सफलताको शुभकामना दिन चाहन्छु ।

प्रा.डा. दिनबहादुर थापा
अध्यक्ष
क्याम्पस सञ्चालक समिति



## क्याम्पस प्रमुखको सन्देश

प्यारा विद्यार्थीहरू,
धवलागिरि बहुमुखी क्याम्पसको तर्फबाट न्यानो अभिवादन !
सर्वप्रथम सम्पूर्ण जिज्ञासु विद्यार्थीहरूलाई म यस क्याम्पसमा हार्दिक स्वागत गर्दै प्राज्ञिक गौरवका रूपमा रहेको यस क्याम्पसको अभिन्न अङ्ग बन्नका लागि आह्वान गर्दछु । विद्यार्थीहरूको निरन्तर सफलताका गाथाहरूबाट प्रमाणित भएको यस क्याम्पसको सामर्थ्य भनेको क्याम्पसमा सेवारत् शिक्षक, कर्मचारी, अभिभावक, शुभचिन्तक तथा विद्यार्थीहरू समेतको ऐक्यबद्धता र प्रयास नै हो ।

विगत केही दशक यता मुलुकले राष्ट्र निर्माणका लागि दक्ष र निपूर्ण जनशक्तिको बढ्दो आवश्यकता महशुस गर्दै आइरहेको छ । यसै आवश्यकतालाई हृदयङ्गम गरी स्थापनाकालदेखि नै यस क्याम्पसले गुणस्तरीय शिक्षालाई उच्च महत्त्व दिँदै आइरहेको छ । निपूर्ण जनशक्ति उत्पादन गर्ने गरी हाम्रा प्रयासहरू केन्द्रित त भएकै छन्, यसका अतिरिक्त यस क्याम्पसले उद्यमशीलताको कौशल एवम् रोजगारी सिर्जना गर्नसक्ने क्षमतायुक्त जनशक्ति उत्पादनतर्फ पनि उत्तिकै महत्त्व दिँदै आएको छ । यस क्याम्पसमा सेवारत् अनुभवी र दक्ष शिक्षक, कर्मचारीहरू तथा प्राज्ञिक शैक्षिक रूपले अब्बल एवम् शैक्षिक नेतृत्व क्षमताले युक्त सञ्चालकहरूको एकतायुबद्ध प्रयत्नकै परिणामका कारण क्याम्पसले सञ्चालन गरेका विभिन्न शैक्षिक कार्यक्रमहरूमा अब्बल नतिजाहरू आइरहेका छन् ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामाजिक तथा संस्थागत निकायहरूसँग सहकार्य गरी औद्योगिक एवम् रोजगार सिर्जना गर्ने क्षेत्रहरूसँग हातेमालो गर्दै जाने र सामुहिक सङ्कल्प र उत्तरदायित्वको भावनाले समुहकार्य गर्दैजाने हाम्रो अभ्यासलाई रणनीतिक रूपमा नै अगाडि बढाइएको छ । हाम्रा सहकार्यका प्रयासहरू सिकाइ प्रक्रियाका लागि अनुकूलताहरू तयार गरी विद्यार्थीहरूबाट उत्कृष्ट नतिजा प्रदर्शन गर्न सक्षम बनाउनेतर्फ केन्द्रित छन् । प्रशासनिक तथा प्राज्ञिकरूपले जिम्मेवारीमा रहेका हामी सम्पूर्ण प्रशासकहरूको तर्फबाट क्याम्पसमा अत्यन्तै अनुकूल प्राज्ञिक वातावरण तयार पार्ने तथा दक्ष र अनुभवी शिक्षकहरू व्यवस्था गर्ने प्रतिबद्धता म सबै विद्यार्थी, अभिभावक तथा समग्र सरोकारवालाहरूसँग दृढतापूर्वक राख्न चाहन्छु । साथै सम्पूर्ण आकाङ्क्षी विद्यार्थीहरूलाई यस क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरू मध्ये आफ्नो अनुकूलको तह र कार्यक्रममा भर्ना भई आफ्नो शैक्षिक भविष्य र वृत्ति विकास सुनिश्चित गर्ने अवसरमा सरिक हुन अनुरोध गर्दछु ।

प्रा.डा. रामप्रसाद उपाध्याय
क्याम्पस प्रमुख

**खेलकूद :**
विभिन्न खेलकूद तथा एथलेटिक्स आयोजना गर्नसकिने फराकिलो खेल मैदानको सुविधा क्याम्पसमा रहेको छ भने शान्त फराकिलो र प्राकृतिक दृष्यावलीले भरिपूर्ण खेल मैदान खेलकूदका लागि उत्साह जगाउने खालको छ । भलिबल, व्याडमिन्टन, बास्केटबल, क्रिकेट लगायतका खेलमैदानमा खेलिने खेलहरूका अतिरिक्त चेस, क्यारमबोर्ड, टेबलटेनिस लगायतका भवनभित्र खेल्न सकिने खेलहरू समयसमयमा क्याम्पसमा आयोजना गरी पठनपाठन तथा खेलकूद र मनोरञ्जनका क्रियाकलापहरूलाई सँगसँगै अगाडि बढाउने गरिएको छ ।

**गुनासो व्यवस्थापन :**
विद्यार्थी, अभिभावक तथा क्याम्पसका सरोकारवालाहरूबाट क्याम्पसको पठनपाठन, प्रशासनिक सेवा लगायत विविध सुविधाहरू सहज भए नभएको सम्बन्धमा आउने गुनासाहरू यथोचित तरिकाले समाधान गर्नका लागि गुनासो व्यवस्थापन समितिको व्यवस्था गरिएको छ । यो समितिलाई सरोकारवालाका गुनासा तथा समस्याहरूको प्रकृति र समाधानका लागि क्याम्पसमा उपलब्ध साधन, स्रोत र सामर्थ्यका आधारमा समाधानका उपायहरू सम्बन्धित प्रशासक तथा सञ्चालकहरू समक्ष सिफारिस गर्ने अख्तियारी दिइएको छ । कक्षा नियमित तथा प्रभावकारी भए नभएको, पुस्तकालयको सेवा सुविधा, छात्रावास, खेलकूद, चमेनागृह लगायतका सेवाहरू सन्तोषजनक भए नभएको जस्ता विषयहरूमा केन्द्रित रही यस समितिले आफ्नो कार्य सम्पादन गरिरहेको छ । गुनासाहरू सुनुवाइका लागि प्रशासनिक कक्षको नजिक गुनासो पेटिका राखिएको छ । आ-आफ्ना गुनासाहरू मर्यादित र शिष्ट भाषामा लिखित रूपमा गुनासो पेटिकामा राख्न सम्बन्धित सबैलाई अनुरोध गर्ने तथा गुनासो पेटिकामा आएका गुनासाहरू मासिक रूपमा बैठकहरू बसेर अध्ययन गरी आवश्यक कार्यार्थ प्रशासन समक्ष पेश गर्ने गरिएको छ । पठनपाठन लगायत क्याम्पसका समग्र गतिविधिलाई विद्यार्थीमैत्री बनाउन तथा सूक्ष्मरूपले असुविधाजनक कुराहरू समयमै पत्ता लगाइ समाधानतर्फ लैजान यो व्यवस्था प्रभावकारी भएको छ । गुनासो व्यवस्थापन कार्य प्रभावकारी बनाउनका लागि कार्यविधि निर्माण समेत गरिएको छ ।

**अतिरिक्त क्रियाकलाप तथा विस्तार :**
अतिरिक्त क्रियाकलाप तथा त्यस अन्तर्गतका गतिविधिहरूमा छिमेकी क्याम्पस, स्रोत विद्यालयहरू र संघसंस्था समेतलाई समयसमयमा संलग्न गराउने जिम्मेवारी तथा आवश्यक अख्तियारीसहित अलग्गै समितिको व्यवस्था गरिएको छ । विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभा, क्षमता तथा कौशलको प्रस्फुटनका लागि यस किसिमका व्यवस्थाले उत्साहप्रद वातावरण सिर्जना हुनुका साथै विद्यार्थीहरू बीचमा सौहाद्रता, सामूहिक भावना एवम् सहकार्यको भवनालाई उर्जा प्रदान गर्ने प्रभावकारी भूमिका यससँग सम्बन्धित समिति तथा यसका गतिविधिहरूले निर्वाह गरेको अवस्था छ । यो समितिले क्याम्पसमा अतिरिक्त क्रियाकलाप आयोजना गर्नुका अतिरिक्त अन्य क्याम्पस तथा संघ संस्थाहरूले आयोजना गरेका त्यस्ता क्रियाकलापहरूमा क्याम्पसको तर्फबाट सहभागिता जनाउने वा प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउने गर्दछ ।

**क्याम्पसका उपलब्धिहरूः**
- सबै सङ्काय र संस्थानतर्फ लगातार उत्कृष्ट नतिजाहरू ल्याउन सफलता मिलेको छ,
- अनुशासन तथा प्राज्ञिक मर्यादा र स्तरीयतामा छुट्टै पहिचान बनाउने सफलता प्राप्त भएको छ,
- विगतमा बोर्ड टपर (प्रमाणपत्र तह २०४९) तथा द्वितीय टपर (प्रमाणपत्र तह २०४४) नतिजा प्राप्त गरी राष्ट्रिय रूपमा पहिचान बनाउने सफलता प्राप्त भएको छ,
- गण्डकी प्रदेशमा बोर्ड टपर (बि.बि.ए. पहिलो सेमेष्टर-२०७६) नतिजा ल्याउन सफलता मिलेको छ,
- क्याम्पसबाट उत्पादित जनशक्ति ख्यातिप्राप्त संघ संस्था, वित्तीय, शैक्षिक, प्रशासनिक लगायतका निजामति क्षेत्रहरूमा उत्कृष्ट कार्यक्षमता देखाउने सफलता मिलेको छ,
- खोज तथा अनुसन्धान संस्कृतिको विकासमा उल्लेख्य सफलता मिलेको छ,
- देशभरिका क्याम्पसहरूमध्ये उत्कृष्ट १० बिजनेस कलेज **(MBS /BBS 2018)** तथा उत्कृष्ट तेस्रो कलेज (२०१९) का रूपमा **New Business Age Pvt. Ltd.** बाट सम्मान प्राप्त गर्ने सफलता मिलेको छ,

**शिक्षक कर्मचारीः**
यस क्याम्पसको सफलताको मुख्य स्रोत नै यहाँ कार्यरत शिक्षक कर्मचारीहरू हुन् । उच्च दक्षता हासिल गरेका विषय विशेषज्ञ प्राध्यापकहरू सहित दक्ष र अनुभवी शिक्षक तथा कर्मचारीहरूको समर्पण, सेवामुखी संस्कार तथा दक्ष र उत्कृष्ट सेवा प्रदान गर्ने सङ्कल्पले गर्दा नै क्याम्पस लगातार प्रगतितर्फ उन्मुख छ । हाल क्याम्पसमा ७६ जना शिक्षणतर्फ र २६ जना प्रशासनतर्फका गरी १०२ जना शिक्षक तथा कर्मचारीहरू कार्यरत् छन् ।










# धवलागिरि बहुमुखी क्याम्पसमा स्वागत

त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू मध्ये २०१९ साल (अगष्ट १८, १९६२ ई. सं.) मा स्थापित यस धवलागिरि बहुमुखी क्याम्पसले आफ्नै मेहनत, अठोट र कौशलको परिणामस्वरूप एक लोभलाग्दो अवस्थाको सिर्जना गरेको छ । साविक धवलागिरि अञ्चलको प्रशासनिक केन्द्र समेत रहेको बागलुङ बजारको मुटुमा अवस्थित यस क्याम्पसले यसका संस्थापकहरू, स्थानीय शिक्षाविद्हरू तथा चन्दादाताहरूको दुरदृष्टिको फलस्वरूप गौरवमय स्थान आर्जन गर्न समर्थ भएको छ । आ-आफ्नो विषयमा निपूर्ण, दक्ष तथा समर्पित शिक्षकहरूको टिम, तीक्ष्ण बुद्धि र लगनशील विद्यार्थीहरूको अटुट मेहनतको परिणामस्वरूप यो क्याम्पसले स्थापना कालदेखि नै उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ । विशेषतः यिनै पक्षहरूको उत्प्रेरणाले गर्दा नै क्याम्पसको गरिमा र साख चम्किलो हुँदै गएको कुरालाई प्रमाणित गरेको छ । हालसालै त्रिभुवन विश्वविद्यालयले यस क्याम्पसलाई स्वायत्तता प्रदान गरिसकेकाले अब स्थानीय समुदायसँग थप सहकार्य गर्दै समुदायको शैक्षिक आकाङ्क्षालाई मूर्तरूप दिन थप सहज अवस्था निर्माण हुनेछ ।

क्याम्पसमा सञ्चालित तिनवटा सङ्काय र एक संस्थान (विज्ञान तथा प्रविधि अध्ययन संस्थान) मा गरी करिब २००० जना विद्यार्थीहरूलाई शिक्षण सिकाइ सुविधा प्रदान गर्दै आइरहेको यस क्याम्पस एउटा विशाल रूख जस्तै शैक्षिक कार्यक्रमहरू विस्तार तथा शिक्षणका नयाँ प्रविधिहरू तथा तरिकाहरू प्रयोगमा ल्याउँदै हुर्कदोबढ्दो क्रममा छ । क्याम्पसको अनुसरणयोग्य सफलता भनेको नै यस क्याम्पसबाट स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थी हरूले पेशागत दक्षताको क्षेत्रमा मात्र नभई समाज सेवा लगायतका सामाजिक क्षेत्रमा पनि उत्तिकै प्रभाव पारिरहेको अवस्थाबाट प्रतिबिम्बित हुन्छ ।

क्याम्पसको बढ्दो लोकप्रियता र सफलताको मुख्य आधार क्याम्पसमा सेवारत् शिक्षक कर्मचारीहरू नै हुन्, जो आफ्नो जिम्मेवारीमा उत्कृष्ट रहनुका साथै आ-आफ्ना मुख्य अध्यापन/काम गर्ने विषयमा गहिरो अनि तीक्ष्ण ज्ञानले युक्त छन् । यस क्याम्पसलाई यो गर्व गर्न लायक अवस्थासम्म ल्याइ पुऱ्याउन र विद्यार्थीहरूको सोध, खोज तथा अनुसन्धानमुखी पठनसंस्कृति प्रवर्द्धन गर्नका लागि शिक्षणमा सम्बद्ध सम्पूर्ण शिक्षकहरूको अथक प्रयत्नको विशेष भूमिका रहेको छ । क्याम्पस आफ्नो शैक्षिक गुणस्तर उकास्नका लागि प्रतिबद्ध रहेको छ । विश्व विद्यालय अनुदान आयोग **(University Grant Commission, UGC)** ले अभियानका रूपमा उच्च शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले अगाडि बढाएको गुणस्तर सुनिश्चितता प्रत्यायन् **(Quality Assurance and Accreditation, QAA)** प्रमाणपत्र प्राप्त गरी शैक्षिक गुणस्तरको मानक कायम गर्नेतर्फ निकै मेहनतका साथ शैक्षिक, भौतिक तथा प्रशासनिक गुणस्तर सुधार गर्ने कार्यहरू तीव्र गतिमा अगाडि बढिरहेका छन् ।
अन्तमा, उच्च शिक्षाका आकांक्षी सम्पूर्ण विद्यार्थीहरूलाई स्नातक तथा स्नातकोत्तर तहमा भर्ना हुनका लागि आह्वान गर्दै मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन र विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फका स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूले ल्याएको उत्कृष्ट नतिजालाई कायम राख्न तथा थप उचाइमा पुऱ्याउनका लागि यस क्याम्पसको अध्ययन अनुसन्धान लगायतका शैक्षिक क्रियाकलापमा मेहनतपूर्वक सहभागी हुन अनुरोध गर्दछौं । क्याम्पसले विशुद्ध प्राज्ञिक कार्यक्रमहरू मात्र नभइ खेदकूद, खोज अनुसन्धान तथा सामाजिक दायित्त्व, समुदायको सेवा जस्ता मूल्य मान्यताहरूलाई समेत उच्च प्राथमिकता दिने गरिएको छ ।



क्याम्पसको मुलमन्त्रः गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता

**दूरदृष्टि**

प्राज्ञिक उत्कृष्टतामार्फत् समुन्नत, सभ्य तथा समतामूलक समाजको प्रवर्द्धन

**ध्येय**

उन्नत खालको भौतिक, प्राविधिक तथा शिक्षण सिकाइका स्रोत साधनहरू तयार पार्ने

**लक्ष्य**

-गरिब तथा पिछडिएको वर्गका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच विस्तार गर्न विशेष प्रोत्साहनको व्यवस्था गर्ने

-शिक्षक कर्मचारीहरूका निम्ति वृत्ति विकास गर्ने अवसर प्रवर्द्धन गर्ने

-खोज तथा अनुसन्धान संस्कृतिको प्रवर्द्धन गर्ने





# विद्यार्थी सहयोगका कार्यक्रमहरू

**जेहन्दार छात्रवृत्ति तथा निःशुल्क छात्रवृत्ति :**

यस क्याम्पसमा अध्ययनरत जेहन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय चन्दादाता तथा शिक्षाविद्‌हरूको आर्थिक अनुदानमा विभिन्न नाममा ५ वटा छात्रवृत्ति कोषहरू स्थापना भएका छन् । जेहन्दार छात्रवृत्ति सुविधाबाट परीक्षाहरूमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरू लाभान्वित भएका छन् भने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूका लागि निःशुल्क छात्रवृत्तिको सुविधा उपलब्ध छ । त्रि.वि.का नियमित कार्यक्रमहरूतर्फ कुल विद्यार्थी सङ्ख्याको २०% विद्यार्थीहरूलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था क्याम्पसमा रहेको छ ।

**विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, मल्टिमेडिया, इन्टरनेट सुविधा :**

विज्ञान प्रयोगशाला र कम्प्युटर प्रविधिको क्षेत्रमा धवलागिरि बहुमुखी क्याम्पस सुविधासम्पन्न छ । अधिकांश कक्षाकोठाहरूमा प्रोजेक्टर जडान गरिएको छ । साथै २४ सै घण्टा क्याम्पस परिसरमा इन्टरनेट सुविधा उपलब्ध छ ।

**छात्रावास :**

आर्थिकरूपले कमजोर तथा दुर्गम भेकबाट अध्ययन गर्न आउने विद्यार्थीहरूका लागि छात्रावास सुविधा उपलब्ध छ । हालसालै छात्रावासको नयाँ भवन निर्माण कार्य सम्पन्न भएकोले यो सुविधा विस्तार भइ करिब १०० जना विद्यार्थीहरू (२५ जना छात्र तथा ७५ जना छात्रा) लाई छात्रावास सुविधा उपलब्ध गराउने व्यवस्था क्याम्पसमा रहेको छ ।

**चमेनागृह :**

क्याम्पसका विद्यार्थीहरूलाई स्वस्थ र सुपथ मूल्यको खाजा नास्ताहरू उपलब्ध गराउने गरी क्याम्पस हाताभित्र चमेनागृहको सुविधा उपलब्ध छ ।

**परामर्श सेवा :**

यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरूलाई स्नातक तहतर्फका विभिन्न सङ्काय/संस्थान र मुख्य ऐच्छिक विषयहरू विद्यार्थीको रूचि र योग्यताका आधारमा कुन उपयुक्त हुने र कुन विषयको अध्ययन गर्दा कस्ता अवसरहरू प्राप्त हुने भन्ने बारेमा अभिमुखीकरण कार्यक्रमहरू आयोजना गरी तथा अन्य अनौपचारिक तरिकाले समेत आवश्यक परामर्श दिने गरिएको छ । साथै स्नातक वा स्नाकोत्तर तह उत्तीर्ण गरिसकेपछि थप अध्ययन, रोजगारी या व्यवसायका क्षेत्रहरू लगायतका अवसर र सम्भावनाहरूका बारेमा पनि परामर्श दिने गरिएको छ ।

**पुस्तकालय :**

यस क्याम्पसमा साधनस्रोत सम्पन्न (झण्डै ३५ हजार पुस्तक र विभिन्न नियमित पत्रपत्रिकाहरू सहित) पुस्तकालय सुविधा उपलब्ध छ । बढ्दो विद्यार्थी सङ्ख्याको माग अनुरूप नै पाठ्यपुस्तक सेक्सन व्यवस्थित गरिएको छ भने समाजविज्ञान, व्यवस्थापन, शिक्षाशास्त्र तथा विज्ञान प्रविधि विषयतर्फका सन्दर्भपुस्तकहरू पनि ठूलो सङ्ख्यामा उपलब्ध छन् । अनुसन्धानमुलक जर्नल, रिर्पोटहरू तथा अन्य विविध बुलेटिन र पत्रपत्रिकाहरू पनि पुस्तकालयमा उपलब्ध छन् ।







## सिकाइ प्रक्रिया

धवलागिरि बहुमुखी क्याम्पसमा शिक्षण सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागितालाई उच्च प्रथमिकता दिइ परम्परागत शैलीका कक्षाहरू तथा शिक्षण सिकाइका उन्नत प्रक्रियाहरूको समिश्रण गरी सिकाइ उपलब्धिलाई गुणस्तरीय बनाउने गरी आवश्यक व्यवस्थाहरू गरिएको छ । विविध विधामा विज्ञता भएका अत्यन्तै समर्पित शिक्षकहरूको समूह यस क्याम्पसमा सेवारत रहेको अवस्था छ । नवीनतम् शिक्षण विधिहरूको प्रयोग गरी जटिल र अमूर्त विषयवस्तुलाई सरल र मूर्तरूपमा सिकाउने गरी आवश्यक व्यवस्था गरिएको छ । शिक्षण सिकाइका मुख्य विधिहरू यसप्रकार रहेका छन् :-



### समूहगत छलफल (Group Discussion):

विषयवस्तुअनुसार शिक्षक तथा विद्यार्थीहरूबीचमा विचार, दृष्टिकोण र अनुभवहरू आदान प्रदान गर्नेगरी समयसमयमा समूहगत छलफलहरू कक्षाकोठा तथा सेमिनार हलमा आयोजना गर्ने गरिन्छ । परिणामस्वरूप सिकाइ प्रक्रिया रमाइलो र उत्साहप्रद हुने गर्दछ ।



### अन्तरक्रिया तथा पृष्ठपोषण (Interaction and Feedback):

यस क्याम्पसमा नयाँ कुरा जान्नका लागी विद्यार्थीहरूमा नीहित कौतुहलता र जिज्ञासालाई उच्च प्रथमिकता दिने गरिएको छ । विद्यार्थीहरूलाई आफ्ना जिज्ञासा र अस्पष्टताहरू बिनाहिचकिचाहट शिक्षकहरूसँग सोध्नका लागि प्रोत्साहन गरिन्छ । विद्यार्थीहरूको सिकाइ उपलब्धिहरू मापन गर्न एकाइ परीक्षा, आन्तरिक परीक्षाहरू तथा बोर्ड परीक्षाहरूका आधारमा सूक्ष्म परीक्षण र मूल्यांकन गरी आवश्यक पृष्ठपोषणको व्यवस्था गरिएको छ ।



### श्रव्यदृष्य सामग्रीको प्रयोग (Use of Audio-Visual Aids):

प्रत्येकजसो कक्षा कोठामा श्रव्यदृष्य तथा मल्टिमिडियामा आधारित शिक्षण सामग्रीहरू प्रस्तुतीकरणका लागि प्रोजेक्टरहरू जडान गरिएको छ । विषयवस्तुको प्रकृति र आवश्यकताका आधारमा यी सामग्रीहरू शिक्षणका क्रममा प्रयोगमा ल्याइने गरिएको छ ।

### परियोजना कार्य तथा प्रस्तुतीकरण (Project Work and Presentation):

पाठ्यवस्तुको प्रकृतिअनुसार परियोजना कार्यलाई गृहकार्यको रूपमा गर्न लगाइ कक्षामा प्रस्तुतीकरण गर्नुपर्ने र त्यस्ता परियोजना कार्यहरू स्थानीय आवश्यकता र विद्यार्थीहरूको दृष्टिकोणहरू मापन गर्ने प्रकृतिका विषयवस्तुहरू छानेर विद्यार्थीहरूलाई दिइने गरिएको छ ।



### स्थलगत भ्रमण तथा अनुगमन (Field Visit and Observation):

विद्यार्थीहरूले आफूले सिकेका ज्ञान, सिप र अवधारणाहरूलाई प्रयोगमा ल्याउनका लागि आवश्यक वातावरण उपलब्ध हुनुपर्दछ । साथै कक्षाकोठाभित्रको शिक्षण सिकाइका अतिरिक्त भ्रमण र समुदायसँगको साक्षात्कारबाट अनुभव र प्रयोगमुखी ज्ञान अझ प्रभावकारी हुन्छ । यसै मान्यतालाई अनुसरण गर्दै समयसमयमा स्थलगत भ्रमणहरू आयोजना गर्ने गरिएको छ ।





## उद्देश्यहरू

- प्रभावकारी शिक्षण, व्यवस्थित प्राज्ञिक मूल्याङ्कन तथा प्रविधि र पृष्ठपोषणका माध्यमबाट शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित बनाइ विद्यार्थीको उत्तीर्ण दर वृद्धि गर्ने एवम् शैक्षिक गुणस्तर वृद्धि गर्ने,
- विद्यार्थीकेन्द्रित शैक्षणिक विधि, पुस्तकालयको प्रयोग, अनुसन्धान, समुदायमा संलग्नता, भ्रमण जस्ता माध्यमबाट विद्यार्थीहरूको ज्ञान आर्जनलाई थप प्रवर्द्धन गरी विद्यार्थीहरूको ज्ञान, सीप, क्षमता, असल नैतिक एवम् व्यावहारिक मूल्य मान्यताहरूको विकास गर्ने,
- प्रत्येक शैक्षिक वर्ष/सेमेष्टरका लागि पर्याप्त अनुभवी पूर्णकालीन शिक्षकहरूको व्यवस्था गरी शिक्षण, पृष्ठपोषण लगायतका सिकाइ क्रियाकलापलाई स्तरीय बनाउने,
- तालिम, कार्यशाला, सेमिनार तथा उन्नत शिक्षण सामग्रीहरूको व्यवस्था गरी शिक्षकहरूको कार्यक्षमता प्रवर्द्धन गर्ने एवम् शैक्षणिक क्रियाकलापमा विविधता ल्याउने,
- दलित, अपाङ्ग, बञ्चितीकरणमा परेका तथा महिला विद्यार्थीहरूलाई केन्द्रित गरी भर्ना अभियान सञ्चालन गर्ने छात्रावास (Hostel) को आवासीय क्षमता विस्तार गर्ने,
- गरिब तथा जेहन्दार विद्यार्थीहरूलाई सहयोग पुऱ्याउन पूर्व विद्यार्थी संघ (Alumni Association) र सम्भावित आकांक्षीहरूसँग समन्वय गरी थप जेहन्दार छात्रवृत्ति कोषहरू स्थापना गर्ने,
- नयाँ पुस्तकालय भवन, नयाँ सपिङ सटर तथा छात्रावास भवनहरू निर्माण गर्ने,
- शिक्षक कर्मचारीहरूका लागि थप अध्ययन अनुसन्धानका लागि विशेष प्रोत्साहनको व्यवस्था गर्ने,
- इ-लाइब्रेरी सुविधासहितको पुस्तकालय, विभागीय पुस्तकालयहरू लगायतका इलेक्ट्रोनिक अध्ययन सामग्रीहरू एवम् विभिन्न विधाका सिकाइका सामग्रीहरूले सम्पन्न शिक्षणका निम्ति अनुकूल स्रोत साधनहरूको व्यवस्था गर्ने,
- विश्वविद्यालय अनुदान आयोग (UGC), सरकारी तथा गैर सरकारी संस्था, स्थानीय तह, वित्तीय तथा सामाजिक संस्थाहरू समेतको सहयोगमा अनुसन्धानका पूर्वाधारहरू प्रवर्द्धन गर्ने,

## क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरू:

धवलागिरि बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका स्नातक र स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विभिन्न सङ्काय/संस्थान, विभाग र विषयगत रूपले वार्षिक र सेमेष्टर प्रणाली अन्तर्गतका कार्यक्रमहरूको सूची देहायबमोजिम रहेको छः-

## वार्षिक कार्यक्रम (स्नातक तहतर्फ):

- मानविकी सङ्कायतर्फ चार वर्षे स्नातक तह (बि.ए.)
  ऐच्छिक/मुख्य विषयहरूः अंग्रेजी, नेपाली, समाजशास्त्र, राजनीतिशास्त्र, गणित, अर्थशास्त्र, इतिहास
- व्यवस्थापन सङ्कायतर्फ चार वर्षे स्नातक (बि.बि.एस.)
  विशिष्टीकरणका विषयहरूः फाइनान्स (वित्तशास्त्र) मार्केटिङ (बजारशास्त्र) एकाउण्टेन्सी (लेखाशास्त्र)
- शिक्षाशास्त्र सङ्कायतर्फ चार वर्षे स्नातक (बि.एड.)
  ऐच्छिक/मुख्य विषयहरूः अंग्रेजी, नेपाली, राजनीतिशास्त्र, स्वास्थ्य तथा शारीरिक, अर्थशास्त्र शिक्षा, इतिहास, गणित
- विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फ स्नातक (बि.एस.सि.)
  विशिष्टीकरण विषयहरूः भौतिक शास्त्र, जीवविज्ञान, रसायनशास्त्र, वनस्पति विज्ञान
- शिक्षाशास्त्र सङ्कायतर्फ एक वर्षे स्नातक (बि.एड.)



## सेमेस्टर कार्यक्रम (स्नातक तहतर्फ):

- व्यवस्थापन सङ्कायतर्फ स्नातक तहः बि.बि.ए. (आठ सेमेष्टर )

## स्नातकोत्तर तहतर्फः

- मानविकी तथा समाजशास्त्र सङ्कायतर्फः समाजशास्त्र/मानवशास्त्र तथा नेपाली (चार सेमेष्टर)
- शिक्षाशास्त्र सङ्कायतर्फः नेपाली शिक्षा, पाठ्यक्रम (चार सेमेष्टर)
- व्यवस्थापन सङ्कायतर्फः एम. बि. एस. (विशिष्टिकरण विषयहरू- वित्तशास्त्र, बजारशास्त्र, लेखाशास्त्र )





### क्याम्पसमा भर्नाका लागि आवश्यक न्यूनतम् योग्यता र प्रमाणपत्रहरूः

स्नातक तहतर्फ :

| सङ्काय/ संस्थान | न्यूनतम् योग्यता | १०+२/प्रमाणपत्र तहमा न्यूनतम् प्राप्ताङ्क/श्रेणी/ग्रेड | आवस्यक प्रमाणपत्र | प्रवेश परीक्षा | कैफियत |
|---|---|---|---|---|---|
| मानविकी तथा सामाजिकशास्त्र सङ्काय (बि.ए.) | १०+२/ प्रमाणपत्र तह उत्तीर्ण | डि प्लस (D+, सि.जि.पी.ए. १.८) | एसइइका मार्कसिट तथा चारित्रिक प्रमाणपत्रका प्रतिलिपी, प्लस टु (+2) का ट्रान्सक्रिप्ट,चारित्रिक प्रमाणपत्र, प्रोभिजनल प्रमाणपत्रका प्रतिलिपी, माइग्रेसनको ओरिजिनल प्रमाणपत्र,<br>एक वर्षे बिएडका लागि थप कागजातहरूः<br>-स्नातक तहका ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरू<br>-अन्य विश्वविद्यालयबाट आउनेका लागि माइग्रेसनको ओरिजिनल प्रमाणपत्र समेत | व्यवस्था नभएको | त्रि.वि.को सूचना अनुसार |
| शिक्षाशास्त्र सङ्काय (बि.एड) | १०+२/ प्रमाणपत्र तह उत्तीर्ण | सिप्लस (C+, सि.जि.पि.ए. २.०१) | | व्यवस्था नभएको | त्रि.वि.को सूचना अनुसार |
| व्यवस्थापन सङ्काय (बि.बि.एस. तथा बि.बि.ए.) | १०+२/ प्रमाणपत्र तह उत्तीर्ण | सिप्लस (D+, सि.जि.पि.ए. १.८) | | बिबिएका का लागि प्रवेश परीक्षा उत्तीर्ण (CMAT) हुनुपर्ने | त्रि.वि.को सूचना अनुसार |
| विज्ञान तथा प्रविधि अध्ययन संस्थान (बि.एस.सि.) | १०+२/ प्रमाणपत्र तह उत्तीर्ण | सिप्लस (C+, सि.जि.पि.ए.: २.०१) | | प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्ने | त्रि.वि.को सूचना अनुसार |
| एक वर्षे बि.एड. | स्नातक तह | | | व्यवस्था नभएको | त्रि.वि.को सूचना अनुसार |

स्नातकोत्तर तहतर्फः

| सङ्काय/ संस्थान | न्यूनतम् योग्यता | आवश्यक प्रमाणपत्र | प्रवेश परीक्षा | कैफियत |
|---|---|---|---|---|
| मानविकी तथा सामाजिकशास्त्र सङ्काय (एम.ए. नेपाली तथा समाजशास्त्र) | समाजशास्त्रका लागि जुनसुकै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नेपाली विषयका लागि स्नातक तहमा नेपाली मुख्य विषय लिइ उत्तीर्ण | -एसइइ/एसएलसीका मार्कसिट, चारित्रिक प्रमाणपत्रका प्रतिलिपि<br>-प्रविणता प्रमाणपत्र तह तथा प्लस टु (+2) का ट्रान्सक्रिप्ट, प्रोभिजनल तथा चारित्रिक प्रमाणपत्रका प्रतिलिपि<br>-स्नातक तहका ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरू<br>-अन्य विश्वविद्यालयबाट आउनेका लागि माइग्रेसनको ओरिजिनल प्रमाणपत्र समेत | तोकिएको प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्ने | त्रि.वि.को सूचना अनुसार |
| शिक्षाशास्त्र सङ्काय (एम.एड। नेपाली) | स्नातक तह (बिएड) मा नेपाली मूल विषय लिई उत्तीर्ण | | तोकिएको प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्ने | त्रि.वि.को सूचना अनुसार |
| शिक्षाशास्त्र सङ्काय (एम.एड. पाठ्यक्रम तथा मूल्याङ्कन) | स्नातक तह (बिएड) मा जुनसुकै विषयमा उत्तीर्ण | | तोकिएको प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्ने | |
| व्यवस्थापन सङ्काय (एम.बि.एस.) | जुनसुकै विषयमा स्नातक तह वा सो सरह तह उत्तीर्ण | | बिबिएका का लागि प्रवेश परीक्षा उत्तीर्ण (CMAT) हुनुपर्ने | त्रि.वि.को सूचना अनुसार |

